# संस्था दर्ता, नवीकरण, शाखा विस्तार र विधान संशोधन गर्दा चाहिने कागजातको चेकलिष्ट

## क. नयाँ संस्था दर्ता गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरु

**१. प्रारम्भिक भेलाः**

चयन हुन पदाधिकारीको कम्तीमा ३ (तीन) गुणा व्यक्तिहरुको उपस्थिती हुनुपर्ने ।

**प्रारम्भिक भेलाबाट हुनुपर्ने मुख्य निर्णयहरुः**

क. संस्थाको नाम र ठेगाना

ख. तदर्थ कार्यसमितिको पदाधिकारीको चयन

ग. विधान मस्यौदा समिति गठन

विधान मस्यौदा समितिले तयार गरेको एक प्रति विधान जिल्ला/इलाका प्रशासन कार्यालयमा रुजु गराउन बुझाउने र अन्तिम रुप दिने।

**२. तदर्थ कार्यसमितिको बैठकः**

**बैठकबाट हुनुपर्ने मुख्य निर्णयहरुः**

क. संस्थाको विधान पारित गर्ने।

ख. दर्ता प्रक्रियाको लागि पदाधिकारी तोक्ने र अख्तियारी दिने ।

**३. पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

क. प्रारम्भिक भेला/तर्दथ कार्यसमितिको बैठकको निर्णय

ख. सक्कल विधान नेपाली कागजमा ६ (छ) प्रति

ग. संस्थाको कार्यालय रहने घर/कोठाको घर धनीसंग गरिएको सम्झौता पत्र, घरको जग्गा धनि प्रमाण पूर्जा र नागरिकताको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ।

घ. स्थानीय तहको सिफारिस

ङ. तोकिएको ढाँचामा संयुक्त निवेदन (तदर्थ कार्य समितिको संयुक्त हस्ताक्षर भएको)

च. संस्थाका पदाधिकारीहरुको स्वयं उपस्थिती (सक्कल नागरिकता सहित)

छ. रु. १० (दश) को हुलाक टिकट

ज. महिला, बालबालिका तथा वृद्धहरुको क्षेत्रमा कार्य गर्ने हो भने तत् तत् निकायको सिफारिस/अनुमति पत्र

झ. वश्यक कागजातहरु पूरा भएपछि कार्यसमितिका पदाधिकारीहरुको चालचलन बुझ्न प्रहरीमा पत्राचार गरिने र प्रहरी कार्यालयबाट चालचलनको जवाफ प्राप्त भएपछि दर्ता प्रक्रिया अघि बढ्ने ।

ञ. रु. १०००/- राजश्व तिरेको रसिद

## ख. संस्था नविकरण गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरु (रुजु सूची)

१. संस्था दर्ताको प्रमाणपत्र

२. संस्थाको कर चुक्ता र प्यान दर्ताको प्रमाणपत्र,

३. साधारण सभाको निर्णयमा अनिवार्य समेट्नुपर्ने विषयहरुः

- ✓ आर्थिक प्रतिवेदन पारित,
- ✓ लेखापरिक्षक नियुक्ती
- ✓ वर्तमान कायसमितिको आधिकारीकता
- ✓ संस्थाको कूल साधारण सदस्य संख्या (मतदानको अधिकार भएको)
- ✓ गणपूरक संख्या र उपस्थित भएको साधारण सदस्यको संख्या

४. लेखापरीक्षकको प्रतिवेदन (नविकरण गर्न बाँकी सबै वर्षको)

५. लेखापरीक्षक सम्बन्धी कागजातः

- ✓ दर्ता प्रमाणपत्र,
- ✓ लाईसेन्स नविकरण,
- ✓ कर चुक्ता प्रमाणपत्र

६. वार्षिक कार्य प्रगति प्रतिवेदन

७. भावी कार्य योजना

८. स्थानीय तहको सिफारिस (संस्था रहेको र कार्यक्रम सञ्चालन भएको)

९. विधानको प्रतिलिपि, विधान संशोधन भए सो समेत

१०. वैदेशिक सहायता भए समाज कल्याण परिषद्को स्वीकृति र प्रमाणपत्र

११. अन्तर संस्था सहायता भए दुवै पक्ष वीच भएको सम्झौता पत्र

१२. बालगृह, बृद्धा आश्रम र पुनःर्स्थापना केन्द्रहरुले नविकरण गर्न अघि अनुगमन गर्ने (सम्बन्धित पालिका/प्रशासन/विभाग/मन्त्रालय) हरुबाट अनिवार्य रुपमा अनुगमन गराइ, उक्त निकायले दिएको प्रतिवेदनको प्रति ।

१३. राजश्व तिरेको भौचर - नविकरण दस्तुर

क) रु ५००/- तिन महिना सम्म ।

ख) कार्तिक देखी पौष मसान्तसम्म रु १००/- **थप**

ग) पौष मसान्त पछि असार मसान्तसम्म रु २५०/- **थप**

घ) अर्को आ.व. देखी प्रति वर्ष रु १०००/- थप

### ग. संस्थाको विधान संशोधन गर्नको लागि आवश्यक कागजातहरु (रुजु सूची)

१. संस्था दर्ताको प्रमाणपत्र (हालसालै नविकरण भएको)

२. साधारण सभाको दुई तिहाइको बहुमतबाट विधान संशोधन गर्ने परिच्छेद, दफा र उपदफा समेत स्पष्ट खुल्ने भएको निर्णयको प्रतिलिपी

३. संस्थाको आधिकारीक लेटरपाडमा निवेदन र रु १० हुलाक टिकट

४. विधान र संशोधित विधानको तीन महले सक्कल फाराम

५. अख्तियारीनामा पत्र

## तीन महले फाराम नमुना

.............. संस्थाको मिति ....... को साधारणसभाको निर्णय अनुसार विधान संशोधनको तीन महले फाराम

| सि.नं. | साविकको व्यवस्था | संशोधन गरिएको | कारण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**घ. संस्थाको शाखा विस्तार वा शाखा खोल्नका लागि आवश्यक कागजताहरु**

१. साधारण सभाबाट शाखा विस्तारको लागि दुई तिहाईले पारित गरेको निर्णयको प्रतिलिपी

२. शाखा कार्यालय खोल्नको लागि सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

३. शाखा रहने स्थानको शाखा खोल्न भेला गर्दा कार्य समितीका पदाधिकारीहरुको कम्तिमा पनि १X४ संख्यामा उपस्थित गराउने ।

४. शाखा खोल्न भेला गर्दा कार्य समितीका पदाधिकारीहरुको चयन गर्ने

५. संस्था शाखा खोल्न लागि कार्य समितिका पदाधिकारीहरुको हस्ताक्षरयुक्त रु. १०/- को टिकट सहितको रितपूर्वकको संयुक्त निवेदन

६. संस्थाको विधानको प्रतिलिपी

७. शाखा कार्यालयका कार्यसमितिका पदाधिकारीहरुको ३ (तीन) सेट नेपाली कागजमा (सबै पदाधिकारीहरुको फोटो, सम्पर्क नं सहितको विवरण संलग्न भएको)

८. संस्थाको शाखा कार्यालयका कार्यसमितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी सहित सक्कल नागरिकता प्रमाणपत्र. र साक्षिहरुको नागरिकता प्रमाणपत्र सहित सक्कल नागरिकता प्रतिलिपी दुई प्रती

९. संस्थाको शाखा कार्यालय रहने घर/कोठाको घर धनीसंग गरिएको सम्झौता पत्र, घरको जग्गा धनि प्रमाण पूर्जा र नागरिकताको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

१०. सबै पदाधिकारीहरुको प्रहरीबाट चालचलन बुझेको पत्र ।

११. नियम अनुसारको दस्तुर बुझाएको भौउचर ।